ओसाका प्रान्तिय शिक्षा परिषद् अन्तर्गत
जापान फर्किएका बिद्यार्थीहरु तथा बिदेशी बिद्यार्थीहरुको लागि शैक्षिक सहयोग कार्यक्रम
शैक्षिक सत्र २०२१ (रेइवा ३ साल)

# तपाईंको भबिष्य तथा लक्ष्य छनौटको लागि

ओसाका प्रान्तिय शिक्षा परिषद्

＜ネパール語＞

# बिषयसूची


■ भूमिका ........ पृष्ठ १

■ जापानको शिक्षा प्रणाली ........ पृष्ठ २

■ उच्च माध्यमिक बिद्यालय (हाइस्कुल/कोउकोउ) का प्रकारहरु ........ पृष्ठ ३

■ उच्च माध्यमिक बिद्यालयको नमूना १ दिन ........ पृष्ठ ७

■ उच्च माध्यमिक बिद्यालयको नमूना १ वर्ष ........ पृष्ठ ८

■ अध्ययन शुल्क ........ पृष्ठ ९

■ प्रवेश परिक्षा ........ पृष्ठ १०

■ सार्वजनिक उच्च माध्यमिक बिद्यालय

प्रवेश परिक्षाका बिषयहरु ........ पृष्ठ १२

उत्तीर्ण बिद्यार्थीहरुको निर्धारण ........ पृष्ठ १४

बिदेशबाट जापान फर्किएका बिद्यार्थीहरु, जापानी भाषाको सहयोगको आवश्यकता भएका जापान फर्किएका बिद्यार्थीहरु तथा जापान आएका बिदेशी बिद्यार्थीहरुको छनौट ........ पृष्ठ १५

जापानी भाषाको सहयोगको आवश्यकता भएका जापान फर्किएका बिद्यार्थीहरु लगायतका बिद्यार्थीहरुको लागि प्रवेश परीक्षामा दिइएको सुबिधा ........ पृष्ठ १७

प्रवेश परिक्षाको समय तालिका ........ पृष्ठ १९

■ अध्ययन गर्नको लागि आर्थिक रुपमा सहयोग गर्ने प्रणाली

उच्च माध्यमिक बिद्यालय भर्ना गर्नको लागि लाग्ने रकम अस्थाई रुपमा सापट दिने प्रणाली ........ पृष्ठ २१

छात्रवृति प्रणाली ........ पृष्ठ २२

■ उच्च माध्यमिक बिद्यालय नजाने बिद्यार्थीहरुको लागि अर्को बैकल्पिक पाठ्यक्रम ........ पृष्ठ २४

■ परामर्श प्रदान गर्ने संघ संस्थाहरुको सुची ........ पृष्ठ २५

# भूमिका

यो पुस्तिका उच्च माध्यमिक बिद्यालय (हाइ स्कुल) जान चाहने बिद्यार्थीहरुको लागि तयार पारिएको हो । यो पुस्तिकामा हाइ स्कुल जानको लागि अत्यावश्यक आधारभूत जानकारीहरु समावेश गरिएको छ । पाठ्यक्रम छनौटको क्रममा भएका दुख र समस्याहरु समाधानको लागि ओसाकामा तपाईहरुको पाठ्यक्रम चयन गर्नको लागि सहयोग गर्ने संग संस्थाहरुको रहेका छन । त्यसकारण आफ्नो पाठ्यक्रम चयन गर्दा केहि समस्या भएमा एक्लै चिन्ता नलिई, आफ्नो कक्षा शिक्षक या यो पुस्तिकामा उल्लेख गरिएको परामर्श दिईने संघ संस्थाहरुमा प्रत्यक्ष सल्लाह गर्न सक्नु हुन्छ ।

■ यो पुस्तिकामा ४ वटा महत्वपुर्ण संकेतहरु दिइएको छ ।


यो चिन्ह दिइएको ठाँउमा प्रत्येक बिषयलाई छोटकरी बर्णन गरिएको हुन्छ ।

यो चिन्ह दिइएको ठाँउमा प्रत्येक बिषयलाई बिस्तृत रुपमा बर्णन गरिएको हुन्छ ।


यो चिन्ह दिइएको ठाँउमा उक्त पेजमा दिइएको बिषयको सम्भाबित प्रश्नहरु र त्यससंग सम्बन्धित पेज दिइएको हुन्छ ।


यो चिन्हले, विस्तृत जानकारी ओसाका प्रान्तिय शिक्षा परिषद् गाउँ-नगर शिक्षा कार्यालय प्राथमिक तथा माध्यमिक बिद्यालय बिभागको वेबपेजमा छ भनेर देखाउछ।
जापानी भाषा, चिनियाँ भाषा, कोरियाली भाषा/उत्तर कोरियाली भाषा, भियतनामी भाषा, फिलिपिनो भाषा, पोर्तुगाली भाषा, स्पेनी भाषा, थाई भाषा, अंग्रेजी भाषा, रसियाली भाषा, ईन्डोनेशीयाली भाषा, नेपाली भाषा, उर्दु, अरबी, मलाय भाषामा लेखिएको छ ।

（https://www.pref.osaka.lg.jp/shochugakko/kikokutoniti-sapo/index.html）

# जापानको शिक्षा प्रणाली

जापानमा प्राथमिक र माध्यमिक शिक्षा अनिवार्य शिक्षा हो । अभिभावकले आफना बालबच्चालाई अनिवार्य रुपमा बिद्यालय पठाउनु पर्दछ । अनिबार्य शिक्षा पुरा भएपछि बिभिन्न बिषयहरु अध्ययन गर्न सकिन्छ ।

| उमेर | | | | | |
|---|---|---|---|---|---|
| ७ बर्ष – १२ बर्ष | अनिवार्य शिक्षा | प्राथमिक बिद्यालय<br>६ बर्ष | | | |
| १३ बर्ष – १५ बर्ष | अनिवार्य शिक्षा | माध्यमिक बिद्यालय<br>३ बर्ष | | | |
| १६ बर्ष – १८ बर्ष | उच्च माध्यमिक बिद्यालय<br>३ बर्ष | | बिषेश तालिम बिद्यालय<br>१ बर्ष भन्दा बढी | प्राबिधिक कलेज<br>५ बर्ष | उच्च ब्याबसायिक प्राबिधिक कलेज<br>१ बर्ष अथवा २ बर्ष |
| १९ बर्ष – २२ बर्ष | बिश्वबिद्यालय<br>४-६ बर्ष | जुनियर कलेज<br>२ बर्ष | ब्याबसायिक कलेज<br>१ बर्ष भन्दा बढी | | |
| २३ बर्ष – २४ बर्ष | स्नातकोत्तर<br>२-५ वर्ष | | | | |

के सबै सार्वजनिक उच्च माध्यमिक बिद्यालयहरु ३ बर्षमा उत्तीर्ण गर्न सकिन्छ ?

⇒ पूर्णकालीन पाठ्यक्रम प्रणाली ३ वर्षको हुन्छ। यस बाहेक अन्य जानकारीको लागि कृपया पेज ५-६ मा हेर्नु होला

# उच्च माध्यमिक बिद्यालयका प्रकारहरु

जापानमा सार्वजनिक उच्च माध्यमिक बिद्यालय (कोउरिचु-कोउकोउ/पब्लिक हाइस्कुल), राष्ट्रीय उच्च माध्यमिक बिद्यालय (कोकुरिचु-कोउकोउ/सरकारी हाइस्कुल) र निजि उच्च माध्यमिक बिद्यालय (सिरिचु-कोउकोउ/प्राइवेट हाइस्कुल) हरु छन्।

■सार्वजनिक उच्च माध्यमिक बिद्यालय (पब्लिक हाइस्कुल), राष्ट्रीय उच्च माध्यमिक बिद्यालय (सरकारी हाइस्कुल)

यी बिद्यालयहरु फु (प्रान्त), सि (नगरपालिका), कुनी (राष्ट्र) द्वारा बनाइएका हुन् ।

यी सबै बिद्यालयहरु महिला पुरुष सह-शैक्षिक (कोएजुकेसन सिस्टम ) प्रणालीका हुन्छन ।

■निजि उच्च माध्यमिक बिद्यालय (प्राइवेट हाइस्कुल)

यी बिद्यालयहरु व्यक्ति तथा कंपनीहरुले बनाएका हुन् । धैरैजसो यी निजि उच्च माध्यमिक बिद्यालय (प्राइवेट हाइस्कुल ) हरुमा सार्वजनिक उच्च माध्यमिक बिद्यालय (पब्लिक हाइस्कुल), र राष्ट्रीय उच्च माध्यमिक बिद्यालय (सरकारी हाइस्कुल) को भन्दा स्कुलको पढाईमा लाग्ने खर्च महँगो हुन्छ ।

यी बिद्यालयहरु सह-शैक्षिक (कोएजुकेसन सिस्टम ) प्रणाली मात्र नभएर महिला मात्रको तथा पुरुष मात्रको बिद्यालयहरु पनि हुन्छन । ।

※ पारिवारिक आय (पारिवारिक कमाइ) को आधारमा अध्ययन शुल्कमा सहयोग गर्ने प्रणाली लागु गरिएको हुन्छ ।

⇒ कृपया ९ पेजमा हेर्नु होला ।

के सार्वजनिक उच्च माध्यमिक बिद्यालय (पब्लिक हाइस्कुल) र निजि उच्च माध्यमिक बिद्यालय ( प्राइवेट हाइस्कुल ) को प्रवेश परिक्षा उस्तै हो ?

⇒सार्वजनिक उच्च माध्यमिक बिद्यालय (पब्लिक हाइस्कुल) र निजि उच्च माध्यमिक बिद्यालय (प्राइवेट हाइस्कुल) को प्रवेश परिक्षाको तरिका फरक-फरक छ ।

■सार्वजनिक उच्च माध्यमिक बिद्यालय (पब्लिक हाइस्कुल) को प्रवेश परिक्षाका बिषयहरु

⇒कृपया पेज १२ बाट पेज१३ मा हेर्नुहोला

■निजि उच्च माध्यमिक बिद्यालय (प्राइवेट हाइस्कुल) को प्रवेश परिक्षाको बारेमा जानकारी ।

बिद्यालयको प्रवेश परिक्षाको तालिका, पाठयसामग्री (बिषय) हरुको आधारमा उत्तीर्ण अनुत्तीर्णको निर्णय गर्ने तरिका बिद्यालय अनुसार फरक-फरक हुन्छ । यसको बारेमा थप जानकारीको लागि आ-आफ्नो माध्यमिक बिद्यालयको पाठ्यक्रम निर्देशक शिक्षकलाइ सोध्नु होला ।

जापानमा ४ प्रकारका उच्च माध्यमिक बिद्यालयहरु हुन्छन । बिद्यालय अनुसार पढने समय, उत्तीर्ण गर्न लाग्ने समयावधी, कक्षाको आकार फरक-फरक हुन सक्छन ।

< पूर्णकालीन (फुल टाइम) पाठ्यक्रम उच्च माध्यमिक बिद्यालय>

■ पढाई हुने समय तालिका

बिहान देखि साँझ सम्म (लगभग बिहान ८:३० बजे बाट साँझ ५:०० बजे )

■ उतीर्ण हुन लाग्ने अवधि

३ वर्ष

■ कक्षाको प्रकार

दिउँसोको समयमा पढाई हुने उच्च माध्यमिक बिद्यालय (हाइ स्कुल) मध्ये धेरै जस्तो बिद्यालयमा आफ्नो ग्रेड अनुसार मात्र पढ्न पाइन्छ र सोहि अनुसार क्रेडिट संख्या कमाएर मात्र अर्को बर्षमा क्लास चढ्न सकिन्छ । क्रेडिट संख्या (युनिट) प्रणाली भएका बिद्यालयहरुमा आफैले बिषयहरु छानेर पढ्न सकिन्छ ।

■ पूर्णकालीन (फुल टाइम) पाठ्यक्रम भएका उच्च माध्यमिक बिद्यालयहरुको उदाहरण

[सामान्य पाठ्यक्रमहरु भएको उच्च माध्यमिक बिद्यालय]

यहाँ जापानी भाषा तथा गणित आदि सामान्य बिषयहरुको पढाई हुन्छ ।

[ब्यबसायिक पाठ्यक्रमहरु भएको उच्च माध्यमिक बिद्यालय]

यस्ता बिद्यालयमा व्यापार, कृषि, अन्तर्राष्ट्रिय संस्कृति जस्ता बिषेश क्षेत्रमा आधारभूत ज्ञानहरु हाशिल गरि कुसल योग्यता प्राप्त गर्ने क्षमताको विकास गराइन्छ ।

[एकीकृत पाठ्यक्रमहरु भएको उच्च माध्यमिक बिद्यालय]

यहाँ सामान्य बिषयहरु बाहेक अन्य विभिन्न छनौट गर्न सकिने बिषयहरु पनि हुन्छन । आफ्नो इच्छा अनुसारको बिषय छानेर पढ्न सकिन्छ ।

[सशक्तिकरण स्कुल]

आफनो क्षमता अनुसार आधारभुत तथा सामान्य बिषयहरु अध्ययन गर्ने र सहि उत्तर एउटा भन्दा बढि हुने प्रश्नहरुको अभ्यास गरिने कक्षा संचालन गरिन्छ ।

< बहु भाग प्रणालीको (मल्टी पार्ट सीस्टम), क्रेडिट प्रणाली भएको उच्च माध्यमिक बिद्यालय (क्रीएटिव हाइ स्कुल)>

■पढाई हुने समय तालिका

पहिलो भाग = बिहान (बिहान लगभग ८:३० ~ १२:०० बजे सम्म )

दोस्रो भाग = दिउसो (दिउँसो लगभग १:०० ~५:०० बजे सम्म )

■ उतीर्ण हुन (पास हुन) लाग्ने समय अवधि

पहिलो र दोस्रो भाग ,दोस्रो र तेस्रो भाग को कक्षा एकैसाथ लिएको खण्डमा = ३ वर्ष भन्दा बढी

पहिलो , दोस्रो भाग र तेस्रो भागको कक्षा अलग अलग लिएको खण्डमा = ४ वर्ष भन्दा बढी

■ कक्षाको प्रकार

तपाई आफ्नो जीवन शैली र आफ्नो समय तालिका अनुसार सिक्ने समय (पहिलो भाग र दोस्रो भाग) र बिषयहरु छनौट गर्न सक्नुहुन्छ । ६ महिना वा १ वर्षको एक सेमेस्टर हुन्छ ।

< रात्रीकालीन उच्च माध्यमिक बिद्यालय >

■पढाई हुने समय तालिका

धैरै जस्तो बिद्यालयहरु साँझ ६:०० ~९:०० बजे तिरसम्म हुन्छन ।

■ उतीर्ण हुन लाग्ने समय अवधि

४ वर्ष

संचार माध्यमबाट पनि संगै कक्षा लिएको खण्डमा = ३ वर्ष भन्दा माथि

■ कक्षाको प्रकार

रातिको समय तालिकामा पढ्न सकिन्छ । साथै प्रत्येक पाठको क्रेडिट (युनिट) पाउन सकिन्छ ।

< संचार माध्यमको उच्च माध्यमिक बिद्यालय >

■ पढाई हुने समय तालिका

हप्तामा २ ~३ पटक स्कुल जानु पर्छ। स्कुल जाने समय र बार अनि संख्याहरु भने स्कुल अनुसार फरक-फरक हुन्छ ।

■ उतीर्ण हुन (पास हुन) लाग्ने समय अवधि

३ वर्ष भन्दा बढी

■ कक्षाको प्रकार

बिद्यालय नजाने दिनमा घर या पुस्तकालय लगायतका स्थानमा नोटबुकहरु मार्फत अध्ययन गरी रिपोर्ट बनाएर जाँच गर्नको लागि पेश गर्नु पर्दछ ।

क्रेडिट (युनिट/तानइ) भनेको के हो ?

⇒उच्च माध्यमिक बिद्यालयमा सिक्ने बिषयको मात्रा मापन गर्ने तरिकालाई क्रेडिट (युनिट) भनिन्छ । यदि तपाईंले दिएको बिषयमा सफलता प्राप्त गर्नु भएमा उक्त बिषयमा तपाईंलाई निश्चित क्रेडिट दिइने छ।

५० मिनेटको कक्षालाई १ क्रेडिट घण्टा (युनिट) को हिसाब मानिन्छ । ३५ क्रेडिट घण्टा (युनिट ) को कक्षा बराबर १ क्रेडिट (युनिट ) मानिन्छ । (५० मिनेट ×३५ क्रेडिट घण्टा (युनिट) = १७५० मिनेट )।

प्रत्येक बिषयमा आवश्यक क्रेडिट (युनिट) लिएमा तपाईं उतीर्ण हुन सक्नु हुन्छ ।

# उच्च माध्यमिक बिद्यालयको नमूना १ दिन



उच्च माध्यमिक बिद्यालयको पूर्णकालीन कक्षामा अध्ययन गर्ने बिद्यार्थीको एक दिनको उदाहरण तल उल्लेख गरिएको छ ।

- **बिहान**

  बिहान ८:३० बजे तिर सुरु हुन्छ । बिहानको समयमा लगभग ४ पिरीएड  कक्षा संचालन हुन्छ र हरेक बिषय अनुसार शिक्षकहरु फरक-फरक हुन्छन ।

- **स्कुल लन्च**

  यहाँ स्कुल लन्चको व्यवस्था हुँदैन । स्कुल जादा आफैले टिफिन लिएर जाने या स्कुलको क्यान्टिनमा आफैले पैसा तिरेर किनेर खान सकिन्छ ।

- **दिउँसो**

  दिउसो २-३ पिरीएड पढाई हुन्छ ।

- **कक्षा सकिए पछि**

  कक्षा सकिए पछि क्लबका गतिबिधिहरु संचालन हुन्छन । क्लबका गतिबिधिहरु मध्ये, आफ्नो दक्षता भएको खेलकुद या सास्कृतिक गतिबिधिहरु छानेर त्यसमा संलग्न भएर आफ्नो दक्षताहरु देखाउन सक्नुहुन्छ । यस्ता गतिबिधिमा सामेल हुने नहुने बारे आफैले निर्णय लिन सकिन्छ ।



उच्च माध्यमिक बिद्यालय जादा कस्तो कपडा लगाउनु पर्छ?

⇒ बिद्यालयले तोकेको कपडा (ड्रेस) लाई युनिफर्म भनिन्छ । बिद्यालयको युनिफर्म जाडोमा र गर्मीमा लगाउने अलग-अलग हुन्छन र सोहि बिद्यालयले तोकेको युनिफर्म लगाएर बिद्यालय जानु पर्छ । तर कुनै कुनै बिद्यालयमा भने बिद्यालयले तोकेको कपडा नहुन पनि सक्छ ।

# उच्च माध्यमिक बिद्यालयको नमूना १ वर्ष

पूर्णकालीन कक्षामा अध्ययन गर्ने बिद्यार्थीको एक बर्षको उदाहरण तल उल्लेख गरिएको छ । यहाँ ३ सेमेस्टर भएको बिद्यालयको उदाहारण उल्लेख गरिएको छ । २ सेमेस्टर मात्र भएका बिद्यालयहरु पनि हुन्छन । (दोस्रो सेमेस्टरको सुरुवात हुने समय तालिका भने बिद्यालय अनुसार फरक-फरक हुन्छ । )
जापानको बिद्यालय हरेक वर्षको अप्रिल महिनामा सुरुभै अर्को वर्षको मार्च महिनामा सकिन्छ ।

■ पहिलो सेमेष्टर (लगभग अप्रिलबाट जुलाईसम्म)

प्रवेश समारोह, कक्षा संचालन, स्वास्थ्य परिक्षण, शरीर मापन
स्कुल बाहिरको अध्ययन, आवधिक परिक्षा/(सेमेस्टर एक्जाम)
तीन पक्षीय कुराकानी
सेमेस्टर समापन समारोह

■गर्मिको छुट्टि (लगभग जुलाई महिनाको अन्तिमबाट अगस्ट महिनाको अन्तिमसम्म )

■दोस्रो सेमेष्टर (लगभग अगष्ट महिनाको अन्तिमबाट डिसेम्बर महिनासम्म)

कक्षा प्रारम्भ समारोह
खेलकुद उत्सव (पहिलो सेमेस्टरमा हुने स्कुलहरु पनि छन् )
सांस्कृतिक उत्सव, सिकेको कुराको प्रस्तुति
शैक्षिक भ्रमण (मुख्यत : दोश्रो बर्षका बिद्यार्थीहरु )
आवधिक परिक्षा
तीन पक्षीय कुराकानी
सेमेस्टर समापन समारोह

■जाडो छुट्टि (लगभग डिसेम्बर महिनाको अन्तिम तिर बाट जनवरी महिनाको सुरु तिर)

■तेस्रो सेमेस्टर (लगभग जनवरी महिना को सुरु तिर बाट मार्च महिना सम्म )

कक्षा प्रारम्भ समारोह
आवधिक परिक्षा
तीन पक्षीय कुराकानी
दिक्षान्त समारोह

■बसन्त / सरद ऋतुको छुट्टि (लगभग मार्च महिनाको अन्तिम बाट अप्रिल महिनाको सुरुसम्म)

# अध्ययन शुल्क

बिद्यालयमा अध्ययन गर्नको लागि चाहिने शुल्क भनेको अध्ययन शुल्क हो । सार्वजनिक र निजि साथै पूर्णकालीन (फुल टाइम) पाठ्यक्रम प्रणालीको उच्च माध्यमिक बिद्यालय, निश्चित समय प्रणालीको उच्च माध्यमिक बिद्यालय र संचार माध्यमको उच्च माध्यामिक बिद्यालय अनुसार पढाईमा लाग्ने खर्चको रकम फरक-फरक हुन्छ ।

■उच्च माध्यमिक बिद्यालय जानको लागि लाग्ने खर्च

① परिक्षा शुल्क = प्रवेश परिक्षा दिनको लागि लाग्ने आवश्यक रकम ।

② प्रवेश शुल्क = स्कुलमा नामांकन गर्न लाग्ने आवश्यक रकम ।

③ शिक्षण शुल्क (फिस) = कक्षामा हाजिर भएर पढ्नको लागि लाग्ने रकम ।

④ पहिलो वर्ष आवश्यक पर्ने रकम = पहिलो बर्षको लागि आवश्यक पर्ने रकममा ①、②、③ बाहेक बिद्यालयमा पढाईको सिलसिलामा प्रयोग गरिने पाठ्यपुस्तक तथा युनिफर्म भएका बिद्यालयहरुमा बिद्यालयको युनिफर्मको लागि लाग्ने रकम समाबेस गरिन्छ ।

| | | ①परिक्षा शुल्क | ②प्रवेश शुल्क | ③शिक्षण शुल्क | ④पहिलो वर्ष आवश्यक पर्ने रकम |
|---|---|---|---|---|---|
| पूर्णकालीन पाठ्यक्रम प्रणाली | सार्वजनिक उच्च माध्यमिक बिद्यालय | २,२०० येन | ५,६५० येन | ११८,८०० येन | लगभग ३००,००० येन |
| | निजि उच्च माध्यमिक बिद्यालय ※ | २०,००० येन | २००,००० येन | ५८०,००० येन | लगभग १,१००,०००येन |
| निश्चित समय (फिक्स टाइम) प्रणाली (सार्बजनिक उच्च माध्यमिक बिद्यालयको हकमा ) | | ९५० येन | २,१०० येन | ३२,४०० येन | लगभग ५०,००० येन |
| संचार प्रणाली (सार्बजनिक बिद्यालयको हकमा) | | ८०० येन | ५०० येन | एक क्रेडिट (युनिट ) बराबर बार्षिक रकम ३३०येन | लगभग ४०,००० येन |

※ निजि उच्च माध्यमिक बिद्यालयहरुको शुल्क बिद्यालय अनुसार फरक-फरक हुन्छ । यहाँ दिइएको शुल्क अड्कलको लागि हो ।

■ पढाईमा लाग्ने शुल्कको सहायता गर्ने प्रणाली

○सार्बजनिक उच्च माध्यमिक बिद्यालयमा बार्षिक पारिवारिक आम्दानी (लगभग) ९१० मान येन भन्दा कम भएको खण्डमा यो सबै निशुल्क हुन्छ ।

○निजि वा उच्च माध्यमिक बिद्यालयमा पढाईको लागि लाग्ने शुल्क अनुदान प्रणाली (एक जना बच्चा भएको खण्डमा)※

| बार्षिक पारिवारिक आम्दानी (लगभग ) | ५९० मान येन भन्दा कम भएमा | ८०० मान येन भन्दा कम भएमा | ९१० मान येन भन्दा कम भएमा |
|---|---|---|---|
| अभिभाबकले वास्तवमा बेहोर्नु पर्ने रकम (यदि शिक्षण शुल्क ६० मान येन भएको खण्डमा) | सबै निशुल्क हुन्छ | २००,००० येन | ४८१,२०० येन |

※बिस्तृत जानकारीको लागि तलको लिंक हेर्नु होला । (जापानी भाषामा मात्रै उपलब्ध छ)

https://www.pref.osaka.lg.jp/shigaku/shigakumushouka/shigaku_mushoka_r1.html

सार्बजनिक र निजि दुवै उच्च माध्यमिक बिद्यालयमा भर्ना भैसके पछिका विभिन्न कागजी प्रक्रियाहरु पुरा गर्नु पर्छ ।

यदि पढाई खर्चको भुक्तानी गर्न कठिन भएमा के गर्नुपर्छ ?

⇒कृपया पेज २१ र २२ हेर्नु होला

# प्रवेश परिक्षा

उच्च माध्यमिक बिद्यालयमा प्रवेश गर्नको लागि प्रवेश परिक्षा अनिबार्य रुपमा दिनु पर्दछ । प्रवेश परिक्षा (न्यूगाकुसिकेन) लाई अर्को शब्दमा न्युसी, न्युगाकुस्या सेन्बाचु, सेन्बाचु पनि भनिन्छ । प्रवेश परिक्षा दिने क्रममा पालन गर्नु पर्ने केहि नियमहरु हुन्छन ।

■ परिक्षाको बारेमा

◎ <u>निजि उच्च माध्यमिक बिद्यालय मात्र रोजेको खण्डमा</u>




(निजि <u>बिद्यालय</u> बिशेष आवदेन)

निजि उच्च माध्यमिक बिद्यालयको परिक्षामा उत्तीर्ण भएमा सोहि बिद्यालयमा भर्ना हुने प्रतिज्ञा गर्ने गरि दिइने आबेदन बिषेश आबेदन हो । यसरी निजि उच्च माध्यमिक बिद्यालयमा उत्तीर्ण भएमा सार्बजनिक उच्च माध्यमिक बिद्यालयमा प्रवेश परिक्षा दिन पाइदैन ।




※कुनै कुनै बिद्यालय, बिभागहरु मात्र

◎ <u>सार्बजनिक उच्च माध्यमिक बिद्यालय जानको लागि अबदेन दिन चाहेको खण्डमा</u>

(सार्बजनिक एकल आबेदन)

निजि बिद्यालयमा प्रवेश परिक्षा नदिई सार्बजनिक उच्च माध्यमिक बिद्यालयमा मात्र आबेदन दिएको खण्डमा यस प्रकार हुनेछ । ।




※कुनै कुनै बिद्यालय, बिभागहरु मात्र

(निजि संयुक्त आबेदन)

निजि उच्च माध्यमिक बिद्यालय जान चाहाने बिद्यार्थीहरुले पनि, सार्बजनिक उच्च माध्यमिक बिद्यालय र निजि उच्च माध्यमिक बिद्यालय दुवैमा संयुक्त रुपमा दिन पाँउने छन । यस्तो अवस्थामा निजि बिद्यालयमा नाम निकाल्न सफल भए पनि पुन सार्बजनिक बिद्यालयमा पनि प्रवेश परिक्षा दिन पाईन्छ । यदि सार्बजनिक बिद्यालयमा नाम निकाल्न सफल भएमा निजि बिद्यालय छोडेर सार्बजनिक बिद्यालय जान पाईन्छ ।




※कुनै कुनै बिद्यालय, बिभागहरु मात्र

# सार्वजनिक उच्च माध्यमिक बिद्यालय
# प्रवेश परीक्षाका बिषयहरु

प्रवेश परीक्षाका बिषयहरु बिद्यालयका पाठ्यक्रम (कोर्ष) या बिभाग अनुसार फरक-फरक हुन्छन । यहाँ शैक्षिक क्षमताको परिक्षा लिने बिषय तथा त्यसको अलावा अन्य बिषयहरुको बारेमा परिचय दिइएको छ ।

■बिषेश बिद्यार्थी छनौट (मध्य फेब्रुअरीबाट फेब्रुअरीको अन्तिम सम्म)

| पाठ्यक्रम/ बिभाग आदि | | शैक्षिक क्षमता परिक्षण आदि |
|---|---|---|
| पूर्णकालीन पाठ्यक्रम (फुल टाइम) | उद्योगसंग सम्बन्धित पाठ्यक्रम (वास्तुकला डिजाइन पाठ्यक्रम, इन्टेरिअर डिजाइन पाठ्यक्रम, प्रडक्ट डिजाइन पाठ्यक्रम, चलचित्र  डिजाइन पाठ्यक्रम, भिजुअल डिजाइन पाठ्यक्रम, डिजाइन सिस्टम पाठ्यक्रम) ग्लोबल अनुसन्धान पाठ्यक्रम, ललित कला सम्बन्धी पाठ्यक्रम, शारीरिक शिक्षा सम्बन्धी पाठ्यक्रम, प्रदर्शन कला पाठ्यक्रम, रंगमंच/थिएटर सम्बन्धी पाठ्यक्रम, संगीत सम्बन्धी पाठ्यक्रम, सामान्य डिजाइन पाठ्यक्रम | ५ वटा बिषयहरु (जापानी भाषा, सामाजिक, गणित, बिज्ञान, अंग्रेजी ※ १ ) <br> प्रयोगात्मक क्षमता परिक्षण |
| | एकीकृत बिभाग (सशक्तिकरण स्कुल ) | ५ वटा बिषयहरु (जापानी भाषा, सामाजिक, गणित, बिज्ञान, अंग्रेजी ※ १ ) <br> अन्तरवार्ता |
| बहु-भागिय क्रेडिट प्रणाली पहिलो र दोस्रो भाग (क्रिएटिभ स्कुल) | | |
| दिवा तथा रात्रीकालीन क्रेडिट प्रणाली | | |

※१ अंग्रेजीमा भने सुन्ने (लिसनिंग) परिक्षा पनि समाबेस छ।

■सामान्य बिद्यार्थी छनौट (मार्च महिनाको सुरु तिरबाट मध्य मार्च सम्म) ※४

| पाठ्यक्रम/ बिभाग आदि | | शैक्षिक क्षमता परिक्षण आदि |
|---|---|---|
| पूर्णकालीन पाठ्यक्रम (फुल टाइम) | बिषेश छनौट नगरिने सम्पूर्ण पाठयक्रमहरु | ५ वटा बिषयहरु (जापानी भाषा, सामाजिक, गणित, बिज्ञान,अंग्रेजी ※ १ ) |
| निश्चित समय(फिक्स टाइम) प्रणाली अनुसारको पाठ्यक्रम ※२ | | ३ वटा बिषयहरु (जापानी भाषा, गणित, अंग्रेजी※ १ ) |
| संचार प्रणालीको पाठ्यक्रम  ※३ | | अन्तरवार्ता |

※ १ अंग्रेजीमा भने सुन्ने (लिसनिंग) परिक्षा पनि समाबेस छ ।

※ २ एक्काइस वर्ष भन्दा माथिको बिद्यार्थीहरुको लागि सर्बेक्षण मापनको आवश्यकता पर्दैन । यस्ता बिद्यार्थीहरुको लागि शैक्षिक क्षमता परिक्षणको अलावा अन्तरवार्ता लिइन्छ ।
आबदेकको इच्छा अनुसार आफ्नो शैक्षिक क्षमता लाइ निबन्ध लेखेर पेश गर्न सकिन्छ ।

※ ३ एक्काइस वर्ष भन्दा माथिको बिद्यार्थीको लागि सर्बेक्षण मापनको आवश्यकता पर्दैन ।

※ ४ सामान्य बिद्यार्थी चयनको लागि आबेदन दिएको तर परिक्षाको दिनमा कोरोना भाइरस रोग (कोभिड-१९) या इन्फुलुएनजा (सिजनल फ्लू) जस्ता रोगहरुबाट संक्रमित भएको कारणले परिक्षा दिन नसकेको खण्डमा अन्य दिनमा परिक्षा दिन पनि सकिन्छ । त्यसको लागि बिद्यालयमा सर-सल्लाह गर्नुहोला ।

■दोस्रो छनौट (मार्च महिनाको अन्तिम तिर)

| पाठ्यक्रम/ बिभाग आदि | शैक्षिक क्षमता परिक्षण आदि |
|---|---|
| परिक्षामा सफल भएका बिद्यार्थीहरुको संख्याले मात्र भर्नाको लागि माग भएका  बिद्यार्थीहरुको संख्या पर्याप्त नभएको बिषय आदि । | अन्तरर्वार्ता |

■अन्य छनौट (फेब्रुअरी महिनाको मध्य तिरबाट फेब्रुअरी अन्तिम सम्म)

| छनौटको नाम, बिद्यालय बिभाग आदि | शैक्षिक क्षमता परिक्षण आदि |
|---|---|
| ओसाका फुरिचु तोयोनाका कोउतोउ गाक्कोउ नोसे-बुनकोउको लागि नामांकित आबदेकहरुको छनौट<br>नोसे शाखा (एकीकृत पाठ्यक्रम ) ※७ | ५ वटा बिषयहरु (जापानी भाषा, सामाजिक, गणित, बिज्ञान,अंग्रेजी ※ १ )<br>अन्तरवार्ता |
| बिदेशबाट जापान फर्किएका बिद्यार्थीहरुको छनौट ※५<br>अंग्रेजी पाठ्यक्रम, अन्तर्राष्ट्रिय सांस्कृतिक पाठ्यक्रम, ग्लोबल अध्ययन पाठ्यक्रम, ग्लोबल अनुसन्धान पाठ्यक्रम, एकीकृत पाठ्यक्रम | गणित, अंग्रेजी ※ १<br>अन्तरवार्ता<br>(कृपया पेज १५ (१) हेर्नुहोला) |
| जापानी भाषाको सहयोगको आवश्यकता भएका जापान फर्किएका बिद्यार्थीहरु तथा जापान आएका बिदेशी बिद्यार्थीहरुको छनौट ※ ६<br>हिगाशी योदोगावा कोउकोउ (सामान्य पाठ्यक्रम )<br>फुकुइ कोउकोउ  (एकीकृत पाठ्यक्रम)<br>खादोमा नामिहाया कोउकोउ  (एकीकृत पाठ्यक्रम)<br>याओकिता कोउकोउ (एकीकृत पाठ्यक्रम)<br>सेइबि कोउकोउ (एकीकृत पाठ्यक्रम)<br>नागायोसी कोउकोउ  (एकीकृत पाठ्यक्रम (सशक्तिकरण स्कुल) )<br>फुसेकिता कोउकोउ  (एकीकृत पाठ्यक्रम (सशक्तिकरण स्कुल))<br>ओसाका वाकाबा कोउकोउ (बहु-भागिय क्रेडिट प्रणाली पहिलो र दोस्रो भाग (क्रिएटिभ स्कुल) | गणित ,अंग्रेजी ※ १<br>निबन्ध (जापानी भाषा बाहेक अन्य भाषामा भएपनि हुन्छ)<br>(कृपया पेज१६ (२) हेर्नुहोला) |

※ १ अंग्रेजीमा भने सुन्ने (लिसनिंग) परिक्षा पनि समाबेस छ ।
※ ५ च्योउसा-स्यो (टिचरद्वारा दिइने बिद्यार्थी रिपोर्ट) को आवश्यकता पर्दैन ।
※ ६ च्योउसा-स्यो (टिचरद्वारा दिइने बिद्यार्थी रिपोर्ट) तथा जिकोसिन्कोकु-स्यो (बिद्यार्थी स्वयं-मूल्यांकन रिपोर्ट) को आवश्यकता पर्दैन । ।

"अन्य छनौट" मा सामेल हुनको लागि सामान्य प्रवेश योग्यताको अलावा प्रत्येक छनौटको लागि आवश्यक योग्यताहरु छन् । योग्यताको आवश्यकता छ छैन भन्ने बारेमा माध्यमिक बिद्यालय (च्युगाक्को) मार्फत सम्बन्धित नगरपालिकाको शिक्षा समितिमा सम्पर्क गरेर सोधपुछ गर्नुहोला ।

※ ७ ओसाका फुरिचु तोयोनाका कोउतोउ नोसे-बुनकोउ (तोयोनाका उच्च माध्यामिक बिद्यालयको शाखा–नोसे बिद्यालय) मा बिद्यार्थी भर्ना छनौटका क्रममा कुनै प्रमाणपत्र वा भर्ना शर्तहरु आवश्यक पर्दैन ।

# सार्बजनिक उच्च माध्यमिक बिद्यालय
# उत्तीर्ण बिद्यार्थीहरुको निर्धारण

उत्तीर्ण या अनुत्तीर्ण भएको पत्ता लगाउने बिधिको बारेमा पहिलेनै जानकारी लिनुहोस् र छनौट परिक्षाको लागि तयार हुनुहोस ।

शैक्षिक क्षमता परिक्षणको परिणाम, च्योउसा-स्यो (टिचरद्वारा दिइने बिद्यार्थी रिपोर्ट), जिकोसिन्कोकु-स्यो (बिद्यार्थी स्वयं-मूल्यांकन रिपोर्ट), मेन्सेचु (अन्तरवार्ता) को आधारमा सफल बिद्यार्थीहरुको छनौट गरिन्छ ।

■च्योउसा-स्यो (टिचरद्वारा दिइने बिद्यार्थी रिपोर्ट)

च्योउसा-स्यो (टिचरद्वारा दिइने बिद्यार्थी रिपोर्ट) माध्यमिक बिद्यालय (च्युगाक्को) बाट उच्च माध्यमिक बिद्यालयमा पठाइने कागजात हो । ९ वटा बिषयहरु (जापानी भाषा, सामाजिक शिक्षा, गणित, बिज्ञान, अंग्रेजी, संगीत, कला, स्वास्थ्य र शारीरिक शिक्षा, प्रबिधि/टेक्नोलोजी, गृह अर्थशास्त्र) को परिणाम/मुल्यांकन (ह्योउतेइ भनिन्छ) र (गतिविधि/व्यवहारको रेकर्ड), (बिद्यार्थी परिषद तथा समितिको गतिबिधि, स्कुल भित्र गरिने दैनिक क्रियाकलापहरु) हरु यो कागजातमा लेखिएको हुन्छ । परिणामको मुल्यांकन ५ चरण हरुमा (५. ४. ३. २. १)मा बिभाजन गरिएको हुन्छ ।

■जिकोसिन्कोकु-स्यो (बिद्यार्थी स्वयं-मूल्यांकन रिपोर्ट)

जिकोसिन्कोकु-स्यो (बिद्यार्थी स्वयं-मूल्यांकन रिपोर्ट) आवेदन फारम संगै बुझाइन्छ । एउटा निर्धारित बिषयमा माध्यमिक बिद्यालय (च्युगाक्को) मा सिक्ने तथा उच्च माध्यमिक बिद्यालय जाने इच्छा पुरा गर्नको लागि सामान्य नियमको रुपमा बिद्यार्थी आफैले लेख्नु पर्दछ ।

("जापानी भाषा निर्देशनको आवश्यकता भएका पुन: जापान फर्किएका बिद्यार्थीहरु तथा बिदेशी बिद्यार्थीहरुको छनौट" को लागि मात्र जिकोसिन्कोकु-स्यो आवश्यकता पर्दैन ।)

■मेन्सेचु (अन्तरवार्ता)

अन्तरवार्ता लिने व्यवस्था भएका बिद्यालयमा पहिलानै बुझाइएको जिकोसिन्कोकु-स्यो (बिद्यार्थी स्वयं-मूल्यांकन रिपोर्ट) को आधारमा अन्तरवार्ता लिइन्छ ।

(अन्तरवार्ता लिईने बिभाग लगायतका बिषयका बारेमा थप जानकारीको लागि कृपया पेज १२ ~१३ मा हेर्नुहोला)

उच्च माध्यमिक बिद्यालय नियम अनुसार शैक्षिक क्षमता परिक्षण आदि, परिणाम तथा च्योउसा-स्यो (टिचरद्वारा दिइने बिद्यार्थी रिपोर्ट) जस्ता क्रियाकलाप लगायत को निर्णय आफ्नो बिद्यालयको एडमिसन पोलेसी (आवश्यक बिद्यार्थीको योग्यता ) अनुसार सफल बिद्यार्थीहरुको चयन गरिने हुदा जिकोसिन्कोकु-स्यो (बिद्यार्थी स्वयं-मूल्यांकन रिपोर्ट) लेख्ने समयमा आफुले जान चाहेको हाइ स्कुलको एडमिसन पोलेसीको बारेमा पहिले नै जानकारी लिनुहोला।

## सार्बजनिक उच्च माध्यमिक बिद्यालय

# बिदेशबाट जापान फर्किएका बिद्यार्थीहरु, जापानी भाषाको सहयोगको आवश्यकता भएका जापान फर्किएका बिद्यार्थीहरु तथा जापान आएका बिदेशी बिद्यार्थीहरुको छनौट

बिदेशबाट जापान आएका बिदेशी बिद्यार्थीहरु तथा जापान फर्किएका बिद्यार्थीहरु जसको लागि जापानी भाषाको सहयोगको आवश्यकता पर्दछ त्यस्ता बिद्यार्थीहरुका लागि पनि सार्बजनिक उच्च माध्यमिक बिद्यालयमा छनौट परिक्षा संचालन गरिन्छ ।

(१) बिदेशबाट जापान फर्किएका बिद्यार्थीहरुको छनौट ।

■ लक्षित बिद्यार्थीहरु

साधारणतया बिदेशमा लगातार २ वर्ष भन्दा बढी बसोबास गरि त्यस पछि जापान आएको र जापान आएको २ वर्ष नपुगेको बिद्यार्थी ।

■ लक्षित पाठ्यक्रमहरु

अंग्रेजी पाठ्यक्रम, अन्तर्राष्ट्रिय सांस्कृतिक पाठ्यक्रम, ग्लोबल अध्ययन पाठ्यक्रम, ग्लोबल अनुसन्धान पाठ्यक्रम, एकीकृत  पाठ्यक्रम

■बिषयबस्तुहरु

○ परीक्षा लिइने बिषयहरु गणित ,अंग्रेजी र अन्तरवार्ता हुन् (अन्तरवार्ता जापानी भाषामा लिइन्छ ) ।

○ गणित र अंग्रेजीको परीक्षामा परीक्षार्थीले चाहेको एउटा जापानी अनुवाद शब्दकोष ल्याउन मिल्छ। तथापी, अंग्रेजीको परीक्षामा अंग्रेजी-जापानी शब्दकोष साथै अंग्रेजीमा लेखिएका कुराहरु प्रयोग गर्न पाइदैन।

**(२)** जापानी भाषाको सहयोगको आवश्यकता भएका जापान फर्किएका बिद्यार्थीहरु तथा जापान आएका बिदेशी बिद्यार्थीहरुको छनौट

■ लक्षित बिद्यार्थीहरु

साधारणतया चीन तथा अन्य विभिन्न देशबाट जापान आएका बिदेशी बिद्यार्थीहरु जसले प्राथमिक बिद्यालयको ४ कक्षा भन्दा माथि भर्ना भएका हुन्छन ।

■शैक्षिक सत्र २०२१ (रेइवा ३ साल) सालमा संचालन हुने बिद्यालय हरु (रेइवा ४ साल फेब्रुअरी कार्यान्वयन)

हिगाशी योदोगावा कोउकोउ (सामान्य पाठ्यक्रम )
फुकुई कोउकोउ (एकीकृत पाठ्यक्रम)
खादोमा नामीहाया कोउकोउ (एकीकृत पाठ्यक्रम)
याओकिता कोउकोउ (एकीकृत पाठ्यक्रम)
सेइबि कोउकोउ (एकीकृत पाठ्यक्रम)、
नागायोसी कोउकोउ (एकीकृत पाठ्यक्रम (सशक्तिकरण स्कुल) )
फुसेकिता कोउकोउ (एकीकृत पाठ्यक्रम (सशक्तिकरण स्कुल))
ओसाका वाकाबा कोउकोउ (बहु-भागिय क्रेडिट प्रणाली पहिलो र दोस्रो भाग (क्रिएटिभ स्कुल)

■बिषयबस्तुहरु

○ परीक्षा लिइने बिषयहरु निबन्ध, गणित, अंग्रेजी (अंग्रेजी भाषाको सुन्ने/लिसनिङ्ग परीक्षा पनि लिइन्छ) हुन्।
○ निबन्ध जापानिज भाषा बाहेक अन्य भाषामा पनि लेख्न सकिन्छ ।
○ शैक्षिक क्षमता मापन परिक्षामा प्रस्नको  खानजीमा फुरिगाना पनि राखिन्छ ।
○ निबन्धको सन्धर्वमा निबन्धको प्रस्न बुझ्न सजिलो होस् भनेर निबन्धको शिर्षकको मुख्य बुँदाहरुलाई बिदेशी भाषामा बुझाइन्छ ।
○ परीक्षामा बिदेशी भाषाका शब्दकोषहरु २ वटा सम्म प्रयोग गर्न मिल्छ। तथापी, अंग्रेजीको परीक्षामा अंग्रेजी-जापानी/ अंग्रेजी-जापानी शब्दकोष लगायत अंग्रेजीमा लेखिएका कुराहरु प्रयोग गर्न पाइदैन।
※ यो छनौटमा जिकोसिन्कोकु-स्यो (बिद्यार्थी स्वयं-मूल्यांकन रिपोर्ट) को आवस्यकता पर्दैन ।
※ यो छनौटमा आफुले आबेदन दिन सम्भवछ कि छैन शिक्षा कार्यालयमा नोवेम्बर महिनामा सोधपुछ गरेर जानकारी लिनुपर्दछ । सोधपुछ गर्दा, अप्रबासन विवरण (इमिग्रेसन रेकर्ड ) कागजातहरुको आवस्यकता पर्दछ । यस्ता कागजातहरु तयार पार्नको लागि समय लाग्ने भएकोले सकेसम्म छिटो आफ्नो बिद्यालयको शिक्षकसंग समयमै सरसल्लाह गर्नुहोला ।

(१), (२) नम्बरको छनौटको लागि आबेदन दिने हो भने हाल पढीरहेको माध्यमिक बिद्यालय (च्युगाक्को) बाट तपाईंले जान चाहेको उच्च माध्यमिक बिद्यालयको लागि आबेदन दिनु पर्छ। यो छनौटबाट आबेदन दिन चाहने बिद्यार्थीहरुले हाल पढीरहेको माध्यमिक बिद्यालय (च्युगाक्को) को आफ्नो कक्षा शिक्षकसंग सोधपुछ गर्नु होला ।

## सार्बजनिक उच्च माध्यमिक बिद्यालय

# जापानी भाषाको सहयोग आवश्यकता भएका जापान फर्किएका   बिद्यार्थीहरु लयायतका बिद्यार्थीहरुको लागि प्रवेश परीक्षामा दिइएको सुबिधा

सार्बजनिक उच्च माध्यमिक बिद्यालयको प्रवेश परीक्षामा जापानी भाषाको निर्देशनको आवश्यकता भएका जापान आएका बिदेशी बिद्यार्थीहरु तथा जापान फर्किएका बिद्यार्थीहरुको लागि बिशेष सुबिधाहरु छन् । यस्ता सुबिधाहरु उपभोग गर्न सकिन्छ कि सकिदैन भन्ने बारे हाल अध्ययनरत बिद्यालय (च्युगाक्को) को आफ्नो कक्षा शिक्षकसंग सोधपुछ गर्नु होला ।

सुबिधाहरु①

■ लक्षित बिद्यार्थीहरु

जापान फर्केका वा जापान फर्कि आई साधारणतया प्राथमिक बिद्यालयको १ कक्षा भन्दा माथिका कक्षामा भर्ना हुने बिद्यार्थी ।

■ लक्षित हाइ स्कुल

सम्पूर्ण सार्बजनिक हाइ स्कुलहरु

■ बिषयबस्तुहरु

**A** शैक्षिक क्षमता परिक्षणको थपिने समय (लगभग १.३ गुणा)

A स्वीकृत भएको खण्डमा B, C, D को लागि पनि फारम भर्न सकिन्छ ।

**B** परीक्षामा बिदेशी भाषाका शब्दकोषहरु २ वटा सम्म प्रयोग गर्न मिल्छ। तथापी, अंग्रेजीको परीक्षामा अंग्रेजी-जापानी/ अंग्रेजी-जापानी शब्दकोष लगायत अंग्रेजीमा लेखिएका कुराहरु प्रयोग गर्न पाइदैन। इलेक्ट्रोनिक शब्दकोष भने प्रयोग गर्न पाईदैन । शब्दकोष प्रयोग गरेको खण्डमा जापानी भाषाको (खान्ज़ीको उच्चारण तथा लेखन) सम्बन्धी प्रश्नहरुलाई हटाईन्छ ।

**C** शैक्षिक क्षमता परिक्षणको प्रश्नहरुमा भएका खान्ज़ीमा भने फुरिगाना (खान्ज़ीको पढ्ने तरिका) राखिदिने व्यवस्था छ ।

तथापी, जापानी भाषाको परिक्षामा (खान्ज़ीको उच्चारण) सम्बन्धी प्रश्नहरुलाई हटाईन्छ।

**D** जापानी भाषाको सन्दर्भमा, रचना तथा निबन्ध लेख्ने शैलीका प्रश्नहरु सोधिएको खण्डमा प्रश्नहरु बुझ्न सजिलो होस् भनेर उक्त प्रश्नहरुका मुख्य बुँदाहरुलाई बिदेशी भाषामा बिद्यार्थीलाई बुझाईदिने व्यवस्था छ ।

सुबिधाहरु ②

■ लक्षित बिद्यार्थीहरु

साधारणतया, बिदेशमा लगातार २ बर्ष भन्दा बढि बसी जापान फर्कि आएर २ बर्ष ननाघेको ब्यक्ति

■ लक्षित उच्च माध्यमिक बिद्यालय

सम्पूर्ण सार्बजनिक उच्च माध्यमिक बिद्यालय

■ बिषयबस्तुहरु

जिकोसिन्कोकु-स्यो (बिद्यार्थी स्वयं-मूल्यांकन रिपोर्ट) लेख्दा, अभिभावक तथा स्कुलको शिक्षकलाई आफ्नो सट्टामा लेख्न दिन सकिन्छ । आफ्नो सट्टामा अरुलाई लेख्न दिनलाई असम्भब भएमा, जापानी भाषा नभएर जुनसुकै भाषामा पनि लेख्न सकिन्छ ।

यस्ता किसिमका सुबिधाहरु उपभोग गर्नको लागि हाल पढी रहेको माध्यमिक बिद्यालय (च्युगाक्को)ले,आफु जान चाहेको उच्च माध्यमिक बिद्यालयमा उक्त सुबिधाहरुको लागि फारम भरेर बुझाउनु पर्दछ । त्यसकारण यस्ता किसिमका सुबिधाहरु उपभोग गर्ने भएमा हाल पढ्दै गरेको बिद्यालयमा शिक्षक संग समयमै सरसल्लाह गर्नुहोला ।

（＊） सुबिधाहरुको बारेमा बताइएका प्रस्ताबहरु योजना मात्र हुन् । औपचारिक रुपमा शैक्षिक सत्र २०२१ साल (रेइवा ३ साल) जुलाई महिनामा निर्णय हुन्छ ।

# सार्बजनिक उच्च माध्यमिक बिद्यालय

# शैक्षिक सत्र २०२२ साल (रेइवा ४ साल) को प्रवेश परिक्षाको समय तालिका

प्रवेश परिक्षाको लागि पाठ्यक्रम, बिषय तथा बिभाग अनुसार फारम भर्ने मिति, परिक्षाको तालिका, परिक्षाफ़ल निष्कासन हुने दिनहरु फरक-फरक हुन्छन । आफु जाने उच्च माध्यमिक बिद्यालयको पाठ्यक्रमको फारम भर्ने मिति, परिक्षाको तालिका आदिको बारेमा जानकारी लिनुहोला ।

| | छनौटका प्रकार | | आबेदन अवधि | निरीक्षण सामग्री र परीक्षा मिति | परिक्षाफ़ल निष्कासन हुने मिति |
|---|---|---|---|---|---|
| बिसेष छनौट | पूर्णकालीन पाठ्यक्रम | • उद्योगसंग सम्बन्धित बिषय (वास्तुकला डिजाइन पाठ्यक्रम, इन्टेरिअर डिजाइन पाठ्यक्रम, प्रडक्ट डिजाइन पाठ्यक्रम चलचित्र डिजाइन पाठ्यक्रम, भिजुअल डिजाइन पाठ्यक्रम, डिजाइन सिस्टम पाठ्यक्रम) तथा ग्लोबल अनुसन्धान पाठ्यक्रम, ललित कला सम्बन्धी पाठ्यक्रम, शारीरिक शिक्षा सम्बन्धी पाठ्यक्रम, प्रदर्शन कला पाठ्यक्रम, रंगमंच/थिएटर सम्बन्धी पाठ्यक्रम,, सामान्य डिजाइन पाठ्यक्रम | फेब्रुअरी १४ (सोमबार) तथा फेब्रुअरी १५ (मंगलबार) | शैक्षिक क्षमता परिक्षण फेब्रुअरी १७ (बिहिबार)<br>व्यावहारिक परिक्षण फेब्रुअरी १८ (शुक्रबार) | फेब्रुअरी २८ (सोमबार) |
| | | संगीत सम्बन्धी पाठ्यक्रम | फेब्रुअरी १ (मंगलबार) तथा फेब्रुअरी २ (बुधबार) | गायन मुख्य व्याबहारिक कौशल फेब्रुअरी १३ (आईतबार)<br>शैक्षिक क्षमता परिक्षण, आवाज सुन्ने फेब्रुअरी १७ (बिहिबार) | |
| | | एकिकृतिक पाठ्यक्रम (सशक्तिकरण स्कुल ) | फेब्रुअरी १४ (सोमबार) तथा फेब्रुअरी १५ (मंगलबार) | शैक्षिक क्षमता परिक्षण फेब्रुअरी १७ (बिहिबार)<br>अन्तरवार्ता फेब्रुअरी १८ (शुक्रबार) | |
| | (बहु-भागिय क्रेडिट प्रणाली पहिलो र दोस्रो भाग (क्रिएटीब स्कुल ) | | | | |
| | दिवा तथा रात्रीकालीन क्रेडिट प्रणाली | | | | |
| ओसाका फुरिचु तोयोनाका कोउतोउ गाक्कोउ नोसे-बुनकोउको लागि नामांकित आबदेकहरुको छनौट | | | फेब्रुअरी १४ (सोमबार) तथा फेब्रुअरी १५ (मंगलबार) | शैक्षिक क्षमता परिक्षण फेब्रुअरी १७ (बिहिबार)<br>अन्तरवार्ता फेब्रुअरी १८ (शुक्रबार) | |
| बिदेशबाट जापान फर्किएका नामांकित बिद्यार्थीहरुको छनौट | | | | शैक्षिक क्षमता परिक्षण, अन्तरवार्ता फेब्रुअरी १७ (बिहिबार) | |
| जापानी भाषाको सहयोगको आवश्यकता भएका जापान फर्किएका बिद्यार्थीहरु तथा जापान आएका बिदेशी बिद्यार्थीहरुको छनौट | | | | शैक्षिक क्षमता परिक्षण, निबन्ध फेब्रुअरी १७ (बिहिबार) | |
| मानसिक रुपमा अशक्त बिद्यार्थीहरुको लागि आत्मा निर्भर गराउने सहयोगात्मक कोर्षको लागि अबेदकहरुको छनौट | | | | अन्तरवार्ता फेब्रुअरी १७ (बिहिबार), १८ ( शुक्रबार), २१ (सोमबार), २२ (मंगलबार), को भित्र कुनै एक दिन | |

| | | छनौटका प्रकारहरु | आबेदन अवधि | निरीक्षण सामाग्री र परीक्षा मिति | परिक्षाफ़ल निष्कासन हुने मिति |
|---|---|---|---|---|---|
| सामान्य छनौट | पूर्णकालीन (फुल टाइम) पाठ्यक्रम सामान्य | • सामान्य पाठ्यक्रम<br>(क्रेडिट/युनिट (तानइ) प्रणाली भएका हाइ स्कुलहरु समाबेस)<br>• व्यापार सम्बन्धी पाठ्यक्रम<br>• ग्लोबल बिजीनेस सम्बन्धी पाठ्यक्रम<br>• कृषि सम्बन्धी पाठ्यक्रम • उद्योग सम्बन्धी पाठ्यक्रम (बिषेश छनौट बिषय बिभाग समाबेश गरिदैन )<br>• शिक्षा सूचना पाठ्यक्रम, अंग्रेजी पाठ्यक्रम<br>• अन्तर्राष्ट्रिय सांस्कृतिक पाठ्यक्रम<br>• ग्लोबल अध्ययन पाठ्यक्रम • बिज्ञान र गणित पाठ्यक्रम • एकीकृत बिज्ञान पाठ्यक्रम<br>• साइन्स क्रियसन पाठ्यक्रम<br>• साहित्य बिभाग र शिक्षा साहित्य बिभाग<br>• कल्याण तथा स्वयंसेवा पाठ्यक्रम • खाद्य संस्कृति पाठ्यक्रम<br>• एकीकृत पाठ्यक्रम (क्रिएटीब स्कुल समाबेस हुन्छ तर सशक्तिकरण स्कुल समाबेस हुदैन) | मार्च २ (बुधबार)<br>मार्च ३ (बिहिबार)<br>तथा<br>मार्च ४ (शुक्रबार) | शैक्षिक क्षमता परिक्षण आदि<br>मार्च ९ (बुधबार) | मार्च १७ (बिहिबार) |
| | निर्धारित समयको पाठ्यक्रम | | | | |
| | संचार प्रणालीको पाठ्यक्रम | | फेब्रुअरी २७ (आईतबार)<br>मार्च १ (मंगलबार) तथा<br>मार्च २ (बुधबार) | अन्तरवार्ता मार्च ६ (आईतबार) ७ (सोमबार) ८ (मंगलबार) भित्र कुनै १ दिन | |
| दोश्रो भर्ना खुला<br>प्रवेशकर्ताको छनौट (कार्यान्वयन गर्ने बिद्यालय भएको खण्डमा ) | | | मार्च २३ ( बुधबार) | अन्तरवार्ता<br>२३ ( बुधबार) | मार्च २५ ( शुक्रबार) |
| मानसिक रुपमा अशक्त बिद्यार्थीहरुको लागि सहयोगात्मक कोर्षको प्रबेश परिक्षा (कार्यान्वयन गर्ने बिद्यालय भएको खण्डमा ) | | | | | |
| शरद ऋतु प्रवेशकर्ता छनौट | | | शैक्षिक सत्र २०२२ साल (रेइवा ४ साल)<br>सेप्टेम्बर ६ ( मंगलबार) | निबन्ध,अन्तरवार्ता<br>शैक्षिक सत्र २०२२ साल (रेइवा ४ साल)<br>सेप्टेम्बर ९ ( शुक्रबार) | शैक्षिक सत्र २०२२ साल (रेइवा ४ साल)<br>सेप्टेम्बर १५ ( बिहिबार) |

# अध्ययन गर्नको लागि आर्थिकरुपमा सहयोग गर्ने प्रणाली
# उच्च माध्यमिक बिद्यालय भर्ना गर्नको लागि लाग्ने रकम अस्थाई रुपमा सापट दिने प्रणाली

हाइ स्कुल भर्ना गर्नको लागि लाग्ने आवश्यक रकम सापटी लिन सकिन्छ । योग्यता, स्तर तथा फिर्ता गर्ने तरिकाहरु सम्बन्धी विस्तृत जानकारीको लागि सिधै यहाँ दिएको ठेगानामा सम्पर्क गर्नुहोला ।

| नाम | सापटी दिइने रकम | फारम भर्ने समय | सम्पर्क |
|---|---|---|---|
| ओसाका प्रिफेक्चर छात्रवृत्ति संघ (ओसाकाफु इकुएइखाइ ) | सार्बजनिक हाइ स्कुल ५०,००० येन भित्र<br>निजि हाइ स्कुल २५०,००० येन भित्र | जुनिअर हाइ स्कुल तेश्रो बर्षमा हुदा सेप्टेम्बरको शुरुवात बाट अक्टोबरको पहिलो हप्ता तिर सम्म | फोन<br>०६-६३५७-६२७२ |
| जीवन कल्याण कोष (सेइकाचु फुकुशी शिकिन ) | ५००,००० येन भित्र | हाइ स्कुल भर्ना भएपछिको अप्रिलको अन्तिम सम्म | प्रत्येक नगरपालिका सामाजिक कल्याण परिषद |
| एकल बाबु बच्चा एकल आमा बच्चा, विधवा कल्याण कोष ((बोसी/फुसी/खाफु फुकुशी शिकिन) | सार्बजनिक हाइ स्कुल (घरबाटै स्कुल आउने जाने) :<br>१५०,००० येन भित्र<br>निजि हाइ स्कुल (घरबाटै स्कुल आउने जाने)<br>४१०,००० येन भित्र | भर्ना हुने समय निश्चित भई भर्ना शुल्क बुझाउने समय सम्ममा | बसोबास गरेको क्षेत्रमा भएका कल्याण कार्यालय आदि |
| ट्राफिक रद्दीकरण छात्रवृत्ति कोष (कोउचुउ इजी इकुएइखाइ ) | ① २००,०००येन<br>② ४००,०००येन<br>③ ६००,०००येन<br>आबेदन फारम भर्ने समएमा ①～③ बाट छान्नु होला | जुनिअर हाइ स्कुल तेश्रो बर्षमा हुदा अप्रिल बाट जनवरीसम्म | फोन<br>०१२०-५२ -१२८६ |
| आशीनागा छात्रवृत्ति कोष (आशीनागा इकुएइखाइ) | निजि हाइ स्कुल ३०० ,००० येन | जुनिअर हाइ स्कुल तेश्रो बर्षमा हुदा अप्रिल १ देखि फेब्रुअरी २८ सम्म | फोन<br>०१२०- ७७- ८५६५ |

# अध्ययन गर्नको लागि आर्थिक सहयोग गर्ने प्रणाली

# छात्रबृत्ति प्रणाली

पारिबारिक अवस्था तथा अन्य आर्थिक अवस्थाको कारणले गर्दा हाइ स्कुलको पढाई शुल्क (फिस) तिर्न नसक्ने बिद्यार्थीहरुको लागि शिक्षण शुल्क प्रदान गर्ने तथा सापटी /उधारो दिने प्रणाली छ । शिक्षण शुल्क सापटी /उधारो लिएकोछ भने हाइ स्कुल उतीर्ण(पास) भएपछि उक्त रकम फिर्ता गर्नु पर्छ । योग्यता, स्तर तथा फिर्ता गर्ने तरिकाहरु सम्बन्धि विस्तृत जानकारीको लागि सिधै यहाँ दिएको ठेगानामा सम्पर्क गर्नुहोला ।

| नाम | सापटी दिईने रकम | फारम भर्ने समय | सम्पर्क |
|---|---|---|---|
| ओसाका प्रिफेक्चर छात्रवृत्ति संघ (ओसाकाफु इकुएइखाइ ) | सार्बजनिक हाइ स्कुल.निजि हाइ स्कुलमा आफैले तिर्नु पर्ने ट्युसन शुल्क रकम +१००,००० येन भित्र | जुनिअर हाइ स्कुल तेश्रो बर्षमा हुदा सेप्टेम्बरको शुरुवात तिरबाट अक्टोबरको पहिलो हप्ता तिर सम्म हाइ स्कुल भर्ना भैसके पछि पनि आबेदन फारम भर्न सकिन्छ | फोन ०६-६३५७-६२७२ |
| जीवन कल्याण कोष (सेइकाचु फुकुशी शिकिन ) | मासिक खर्च ३५,००० येन भित्र | जहिले पनि आबेदन फारम बुझाउन सकिन्छ | प्रत्येक नगरपालिका सामाजिक कल्याण परिषद |
| एकल बाबु बच्चा एकल आमा बच्चा, विधवा कल्याण कोष ((बोसी/फुसी/खाफु फुकुशी शिकिन) | हाइ स्कुलमा आफैले तिर्नु पर्ने ट्युसन शुल्क निशुल्क हुने रकम बराबर उधारो दिने सेवा लागु हुने छैन । (सापटी रकमको बारेमा सरसल्लाह गर्नु आवश्यक छ) | कुन हाइ स्कुल जाने निश्चित भएपछि जहिले पनि आबेदन फारम बुझाउन सकिन्छ | बसोबास गरेको क्षेत्रमा भएका कल्याण कार्यालय आदि |
| ट्राफिक रद्दीकरण छात्रवृत्ति कोष (कोउचुउ इजी इकुएइखाइ ) | मासिक खर्च ①२०,००० येन ②३०,००० येन ③४०,००० येन ①～③बाट छान्नु होला | जुनिअर हाइ स्कुल तेश्रो बर्षमा हुदा अप्रिल ~ जनवरि हाइ स्कुल भर्ना भैसके पछि अप्रिल ~ जनवरि | फोन ०१२०-५२-१२८६ |
| आशीनागा छात्रवृत्ति कोष (आशीनागा इकुएइखाइ) | मासिक रकम सार्बजनिक हाइ स्कुल २५,००० येन निजि हाइ स्कुल ३०,००० येन | जुनिअर हाइ स्कुल तेश्रो बर्षमा हुदा अप्रिल १ बाट फेब्रुअरी २८ हाइ स्कुल भर्ना भैसके पछि पनि आबेदन फारम भर्न सकिन्छ | फोन ०१२०-७७-८५६५ |
| चीनबाट जापान फर्किएका महिला बिद्यार्थी हाइ स्कुल आदिका छात्रवृति | मासिक रकम २०,००० येन फिर्ता दिनु पर्दैन | जुनिअर हाइ स्कुल तेश्रो बर्षमा हुदा नोवेम्बर १ ~ २५ | यामाजाकी युको बुन्का जाईदान फोन ०७२-२६६-२५२२ |
| कोरिअन छात्रवृति समाज छात्रवृति | मासिक रकम १०,००० येन फिर्ता दिनु पर्दैन | बिद्यालय भर्ना भैसकेपछि अप्रिल १२ ~ मे १० (इन्टरनेटबाट पनि आबेदन दिन सकिन्छ) | फोन ०३–३३४३–५७५७ |

# अकस्मात आम्दानी घट्ने जस्ता कारणहरुले ट्युसन शुल्क तिर्न गाह्रो भएको खण्डमा सहयोग गर्ने प्रणाली



अभिभावकहरुले काम गर्ने कम्पनीको संचालन अबस्था नराम्रो भई आम्दानीको ठुलो हिस्सा गुमाउनु पर्ने जस्ता कारणले ट्युसन शुल्क तिर्न गाह्रो भएको अबस्थामा ट्युसन शुल्क कम गर्न तथा शुल्क मिनाह गर्न सकिन्छ । ट्युसन शुल्क कम गर्न तथा शुल्क मिनाह गर्नका लागि केहि शर्तहरु छन् । उक्त शर्तहरुका बारेमा बिस्तृतमा बुझ्नका लागि अध्ययन गर्ने बिद्यालय वा तलको ठेगानामा सम्पर्क गर्नुहोस् । (जापानी भाषा मार्फत जानकारी दिइने छ ।)

■सार्बजनिक हाइ स्कुलको बारेमा

ओसाका प्रान्तिय शिक्षा परिषद् शैक्षिक वित्त बिभाग, राजस्व तथा लेखा व्यवस्थापन टोली

टेलिफोन नम्बर : 06-6944-6913 (सिधा सम्पर्क)

■निजि हाइ स्कुल आदिको बारेमा

ओसाका प्रान्तिय शिक्षा परिषद् निजी शिक्षा बिभाग, समन्वय तथा समर्थन टोली

टेलिफोन नम्बर : 06-6944-6956 (सिधा सम्पर्क)

# उच्च माध्यमिक बिद्यालय नजाने बिद्यार्थीहरुको लागि अर्को बैकल्पिक पाठ्यक्रम

जुनिअर हाइ स्कुल उतीर्ण भएपछि हाइ स्कुल नजाने बिद्यार्थीहरुको लागि निम्न लिखित पाठ्यक्रमहरु छन् ।

■ हाइ स्कुल भन्दा बाहेक अन्य पाठ्यक्रम

प्राबिधिक ब्यबसायिक हाइ स्कुल (कोउतोउ सेनमोन् गाक्कोउ)

यो यस्तो स्कुल हो जहाँ मुख्य रुपमा उद्योग तथा प्राबिधिक प्रणाली सम्बन्धी शिक्षा हाशिल गर्न सकिन्छ ।

उच्च शिक्षा हाइ स्कुल (कोउतोउ सेनस्युउ गाक्कोउ)

यो यस्तो स्कुल हो जहाँ मुख्य रुपमा व्यवसाय र जीवन यापनका लागि अत्यावश्यक कुराहरु सम्बन्धी शिक्षा हाशिल गर्न सकिन्छ ।

उच्च ब्यबसायिक प्राबिधिक हाइ स्कुल (कोउतोउ स्योकुग्योउ गिज्युचु सेनमोन् कोउ)

यो यस्तो स्कुल हो जहाँ मुख्य रुपमा काम गर्नको लागि अत्यावश्यक सिपहरु सिक्न सक्नु हुन्छ ।

स्कुल अनुसार सिक्ने कुराहरु फरक-फरक हुन्छ । विस्तृत जानकारीको लागि हाल पढीरहेको स्कुलको आफ्नो कक्षा शिक्षकलाई समयमै सोध्नुहोला ।

■ घरायसी काम, पारिबारिक व्यवसाय

■ रोजगारीको लागि

काम पाउनको लागि के गर्नु पर्छ ?

⇒२ वटा तरिकाहरु छन्:

① हेलो वर्कबाट कामको परिचय गराइ माग्ने ।

② परिवारको चिनजानको मान्छेहरु बाट कामको परिचय गराइ माग्ने ।
हेलो वर्क भनेको कामगर्न चाहने व्यक्तिहरुलाई कामको परिचय गराईदिने ठाउँ । चिनियाँ भाषा, अंग्रेजी भाषा, पोर्तुगल भाषा, स्पेनी भाषामा आदिमा सरसल्लाह गर्न मिल्ने (हेलो वर्कहरु) पनि छन् ।

# परामर्श प्रदान गर्ने संघ संस्थाहरुको सुची

पाठ्यक्रम चयनको बारेमा  टेलिफोन तथा इ-मेल बाट पनि सम्पर्क गर्न सकिन्छ ।

| परामर्श संगठनको नाम | सम्पर्क | सम्पर्क माध्यम भाषाहरु |
|---|---|---|
| ओसाका प्रान्तिय शिक्षा परिषद्,<br>गाउ/नगरपालिका शिक्षा कार्यालय<br>प्राथमिक तथा माध्यमिक बिद्यालय बिभाग ,<br>क्यारियर सपोर्ट ग्रुप | ०६-६९४१-०३५१<br>(एक्सटेन्सन ५४८५) | जापानी भाषा |
| ओसाका सिटि शिक्षा बोर्ड | ०६-६२०८-९१८५ | जापानी भाषा, चिनियाँ भाषा |
| साखाई सिटि शिक्षा बोर्ड | ०७२-२२८-७४३६ | जापानी भाषा |
| ओसाका प्रिफेक्चर बिदेशी बिद्यार्थी शिक्षा अनुसन्धान परिषद | फ्याक्स: ०५०-३३८३-२६८३<br>इ-मेल: fugaikyo@nifty.com | जापानी भाषा |
| ओसाका सिटि बिदेशी बिद्यार्थी शिक्षा अनुसन्धान परिषद | ०९०-३८४७-२४२० | जापानी भाषा |


२०२१ (रेइवा ३ साल) सेप्टेम्बरमा प्रकाशित

◆सम्पादन तथा प्रकाशन ◆

ओसाका प्रान्तिय शिक्षा परिषद्, गाउ/नगरपालिका शिक्षा कार्यालय (ओसाकाफु क्योउइकुच्यो सीच्योउसोन क्योउइकुसिचु), प्राथमिक तथा माध्यमिक बिद्यालय बिभाग, क्यारियर सपोर्ट ग्रुप

टेलिफोन 06-6941-0351(एक्सटेन्सन 5485)  फ्याक्स 06-6944-3826

इ-मेल  shichosonkyoiku@sbox.pref.osaka.lg.jp

URL    https://www.pref.osaka.lg.jp/shochugakko/



※ ब्यबसायिक प्रयोजन बाहेकका कार्यको लागि पुन प्रकाशन गर्न अनुमति छ । पुन: प्रकाशन गर्ने समयमा प्रकाशन गर्ने स्रोतको नाम अवस्य खुलाउनुहोला ।